# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, पुस १ गते २०४६ साल (अतिरिक्ताङ्क ५१ (क)

## भाग १

## शाही सम्बोधन

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०४६ साल पुस १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसको उपलक्ष्यमा आयोजित समारोहमा बक्सेको सम्बोधन ।

उपस्थित महिला तथा सज्जनवृन्द,

१. आज हामी श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस समारोह मनाउन यहाँ भेला भएका छौं । यस अवसरमा सर्वप्रथम हामी दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका प्रवर्तक प्रातःस्मरणीय स्वर्गीय बुवाज्यू श्री ५ महेन्द्रप्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्दछौं ।

२. कुनै पनि व्यक्ति वा राष्ट्रको जीवनमा कहिलेकाहीं अप्रत्याशित समस्या देखापर्नु अस्वाभाविक होइन । तर त्यस्ता समस्याबाट विचलित हुनुको सट्टा यसलाई हाम्रो वास्तविक स्थितिको बोध गराउने घटना ठानी हामी सबैले यस समस्याको स्थायी समाधान खोज्ने दिशातर्फ लाग्नुपरेको छ । यस सन्दर्भमा यता केही समयदेखि नेपाली जनमानसमा देखापरेको धैर्य, संयम र राष्ट्रिय भावनाको हामी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सराहना नगरी रहन सक्दैनौं। देशलाई संकट परेको बेला समस्त नेपालीले फुटेर होइन एकजुट भई यसरी नै मिलेर काम गर्न सकेमा नेपालको हित र नेपालीको सुन्दर भविष्यको रचना हुन सक्छ ।

३. नेपालले संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशील, असंलग्नता, शान्तिक्षेत्रसम्बन्धी विचार र सार्कको बडापत्रमा उल्लिखित सिद्धान्तहरूको आधारमा विश्वका सबै मुलुकहरूसँग मैत्री सम्बन्ध राख्न खोजेको कुरा सर्वविदित छ । यस सन्दर्भमा नेपाल–भारत सम्बन्धबारे नवगठित भारत सरकारले दर्शाएको सकारात्मक दृष्टिकोणको स्वागत गर्दै त्यसप्रति मेरो सरकारले पनि रचनात्मक रूपले सहयोग गर्नेछ ।

४. राष्ट्र-निर्माणको अभियानमा सबै तहमा जति लगनशीलताको आवश्यकता हुन्छ त्यति नै अनुशासन र मर्यादाको पनि महत्त्व रहेको हुन्छ । त्यसैले प्रत्येक नेपालीले देशको संविधान र कानूनको मर्यादाभित्र रहेर स्वतन्त्र भई आफ्नो अधिकारको उपभोग गर्न सक्नुपर्छ । यस्तो बेला सबै नेपालीले के कस्तो सामाजिक र आर्थिक नीति अनुसरण गरेमा मुलुकको दीगो विकास हुन सक्छ र मुलुकको स्वतन्त्रतालाई अझ बलियो पारी राष्ट्रलाई आत्मनिर्भरताको बाटोमा डोऱ्याउन सकिन्छ भन्ने विषयमा गम्भीरताका साथ सोची काम गर्नुपरेको छ ।

५. हरेक वर्ष हुने पञ्चकार्यकर्ताहरूको विभिन्न तहको भेलामा पनि यस्तै समसामयिक विषयहरूमाथि पञ्चहरूले खुलस्त रूपले छलफल गरी गहकिला सुझावहरू प्रस्तुत गर्न सके देश र देशवासीको हितको लागि अवश्य उपयोगी हुनेछ। हामी नबिर्सौं कि पञ्चायत व्यवस्था नेपालीमात्रले आपसी छलफल गरी मतभेद टुङ्ग्याउने र सामुहिक चिन्तन गर्ने साझा चौतारी हो र हाम्रो देशको मर्म नै सामञ्जस्य र एकतामा रहेकोले पञ्चभेलामा नेपालीहरूबीचको विचार आदान-प्रदान, समझदारी र मतैक्यताले ठूलो महत्त्व राख्दछ । यसैगरी हाम्रो प्रजातान्त्रिक मूल्य र मान्यता नेपाली जीवन शैलीमा मात्रै फष्टाउन सक्छ भन्ने कुरा पनि हामीले बिर्सनु हुँदैन । अन्तमा, यस समारोहका आयोजक तथा यहाँ उपस्थित सबैलाई हामी धन्यवाद दिन चाहन्छौं !

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।